
बबई गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालयको

# प्रोफाइल



बबई गाउँपालिका

दाङ

२०७६

# विषय-सुची

**परिच्छेद-१: पृष्ठभूमि**

संक्षिप्त परिचय

**परिच्छेद-२: प्रोफाईल**

परिचय र महत्व

उद्देश्य:

तयारी विधि:

क) प्राथमिक श्रोत घरधुरी सर्वेक्षण :

ख. द्वितीय श्रोत:

अध्ययनको क्षेत्र तथा दायरा

**परिच्छेद -३ विषयगत विवरण**

*खण्ड क : जनसांख्यिक तथा सामाजिक विवरण*

१. जनसंख्याको आकार

२. उमेर समूह अनुसार जनसंख्याको विवरण

३. बैबाहिक स्थिति

३.१ लैङ्गिक रुपमा बैबाहिक स्थिति

३.२ उमेरगत रुपमा बैबाहिक स्थिति

४. शैक्षिक विवरण

५. पेसाको आधारमा जनसंख्या

५.१ उमेरगत रुपमा गाउँपालिकावासीको मुख्य पेसा

६. जन्मदर्ताको अवस्था

७. जातिगत विवरण

८. धर्मको आधारमा घरधुरी तथा जनसंख्या

९. मातृभाषाको आधारमा घरधुरी तथा जनसंख्या

*खण्ड ख : आर्थिक विवरण*

१. घरको प्रकार

२. घरको स्वामित्वको स्थिति

३. आम्दानीको मुख्य श्रोत

४. ईन्धनको प्रयोग

५. खानेपानीको मुख्य श्रोत

६. पानी शुद्धिकरणको विधि

७. शौचालयको अवस्था

८. घरपरिवारमा उपलब्ध सुविधाहरु

९. बैंकिङ्ग सुविधाको प्रयोग

१०. कृषियोग्य जमिन भएका घरपरिवार

११. महिलाको नाममा जग्गा-जमिन

१२. घरपालुवा पशुपंक्षी भएका घरपरिवार

*खण्ड ग : वातावरण तथा स्वास्थ्य*

१. वातावरण सम्बन्धी विवरण

१.१ घर परिसरमा रुख-बिरुवा

१.२ वर्षातको पानी संकलन तथा भण्डारण

१.३ फोहर मैला व्यवस्थापन

१.४ फोहर मैला व्यवस्थापन विधि

२. स्वास्थ्य सम्बन्धी विवरण

२.१ सुर्तीजन्य पदार्थ सेवन

२.२ मद्यपान सेवन

२.३ अपाङ्गताको विवरण

२.४ नसर्ने रोगको अवस्था

२.५ स्वास्थ्य सेवाको प्रयोग

२.६ सरकारी स्वास्थ्य संस्थाको स्थिति

२.७ स्वास्थ्य वीमा

**परिच्छेद -४ सार्वजनिक विवरण**

४.१ धार्मिक स्थल सम्बन्धी विवरण

४.२ वन उपभोक्ता समिति वा समूह सम्बन्धि विवरण

४.३ खानेपानी उपभोक्ता समिति वा समुह सम्बन्धि विवरण

४.४ महिला समुह/कृषक समुह सम्बन्धि विवरण

४.५ सामुदायिक भवन/पाटी पौवा

४.६ सार्वजनिक धारा/पोखरी/ताल/नदी नाला

४.७ बैङ्क, सहकारी संस्था, वित्तीय संस्था, बीमा कम्पनी सम्बन्धी विवरण

४.८ उद्योग, कलकारखाना, व्यवसाय सम्बन्धी विवरण

४.९परिवार विहिन बालवालिकाको विवरण

४.१० मनोरञ्जन स्थल-पार्क तथा खेलकुद स्थल

४.११ गाउँपालिकामा अवस्थित गैरसरकारी कार्यालयहरुको विवरण

४.१२ गाउँपालिकामा भएको प्राकृतिक श्रोत

४.१३ गाउँपालिकामा रहेको टोल विकास संस्था

४.१४ गाँउपालिकामा भएको पाटि, पौवाहरुको विवरण

४.१५ गाउँपालिकामा रहेका विद्यालयहरुको विवरण

**परिच्छेद -५ अनुसूची**

अनुसूची १ : गाउँपालिकास्तरीय सर्वेक्षणकर्ताको नामावली

अनुसूची २ : गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारीको विवरण

अनुसूची ३ : गाउँपालिका जनप्रतिनिधिहरुको विवरण

अनुसूची ४ : घरधुरी सर्वेक्षण फारम

अनुसूची ५ : सार्वजनिक विवरण संकलन फारम

अनुसूची ६ : सन्दर्भ सामग्री

अनुसूची ७ : गाउँपालिका प्रोफाइल लेखनकर्ता/सहयोगी

# परिच्छेद-१: पृष्ठभूमि

**बबई गाउँपालिका संक्षिप्त परिचय**

बबई दाङको सबैभन्दा पश्चिम पर्ने गाउँपालिका हो । यो नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्येको ५ नं. प्रदेशअन्तर्गतको दाङ जिल्लामा पर्ने एक स्थानीय तह हो । बबई गाउँपालिका जिल्ला सदरमुकाम घोराहीदेखि ४६ किलोमीटर पश्चिममा पर्दछ। पूर्वमा शान्तिनगर गाउँपालिका पश्चिममा बाँके र सल्यान जिल्ला उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला रहेको छ । साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स. समायोजन भई यस गाउँपालिकाको निर्माण भएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल २५७.४७ वर्ग किलोमिटर रहेको छ । २०६८ सालको जनगणना अनुसार यहाँको कूल जनसंख्या २८००० रहेको छ। यस गाउँपालिका ७ वटा वडा रहेका छन् । यस गाउँपालिका समुद्र सतहदेखि ६७६ मीटर उचाइमा रहेको छ । यस गाउँपालिकामा बाहुन,क्षेत्रीय, दलित चौधरीलगायतका जातीको बाहुल्यता रहेको छ । यस गाउँपालिकाका मुख्य भाषा नेपाली र थारु रहेका छन् ।  यस गाउँपालिका खेतीपातीका लागि उर्वर भूमि रहेका छन् । यस गाउँपालिकाका पुरन्धारा झरना र चिसापानी मन्दिर प्रमुख पर्यटकीय स्थल हुन् ।

# परिच्छेद-२: गाउँपालिका प्रोफाइलको जानकारी

**परिचय र महत्व**

बबई गाउँपालिका प्रदेश ५ अन्तर्गत पर्ने दाङ जिल्लाको सबैभन्दा पश्चिममा पर्ने गाउँपालिका हो । नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्येको ५ नं. प्रदेशअन्तर्गतको दाङ जिल्लामा पर्ने एक स्थानीय तह हो । बबई गाउँपालिका जिल्ला सदरमुकाम घोराहीदेखि ४६ किलोमीटर पश्चिममा पर्दछ। पूर्वमा शान्तिनगर गाउँपालिका पश्चिममा बाँके र सल्यान जिल्ला उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला रहेको छ । साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स. समायोजन भई यस गाउँपालिकाको निर्माण भएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल २५७.४७ वर्ग किलोमिटर रहेको छ । २०६८ सालको जनगणना अनुसार यहाँको कूल जनसंख्या २८००० रहेको छ। यस गाउँपालिका ७ वटा वडा रहेका छन् । यस गाउँपालिका समुद्र सतहदेखि ६७६ मीटर उचाइमा रहेको छ । यस गाउँपालिकामा बाहुन,क्षेत्रीय, दलित चौधरीलगायतका जातीको बाहुल्यता रहेको छ । यस गाउँपालिकाका मुख्य भाषा नेपाली र थारु रहेका छन् । यस गाउँपालिका खेतीपातीका लागि उर्वर भूमि रहेका छन् । यस गाउँपालिकाका पुरन्धारा झरना र चिसापानी मन्दिर प्रमुख पर्यटकीय स्थल हुन् । अत्यन्तै सम्भावना बोकेको यस गाउँपालिकाको तात्कालीन र दीर्घकालीन विकासमा सहयोगी भूमिका खेल्नका लागि यो प्रोफाइल निर्माण गरिएको छ । वडागत तथ्याङ्क नहुँदा योजना निर्माणमा कठिनाई उत्पन्न भइरहेको अवस्थामा यो प्रोफाइलले गाउँपालिकाको बस्तुगत अवस्था तयार पार्नेछ।

बबई गाउँपालिकाको भरपर्दो तथ्याङ्कीय आधार तयार पार्न यो अध्ययन गरिएको हो ।बबई गाउँपालिकाका तात्कालीन र दीर्घकालीन योजना, कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको प्रोफाइले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी तथ्यगत जानकारी प्रदान गर्छ । बबई गाउँपालिकाका विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँपालिका प्रोफाइलको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवीलगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकाले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

उद्देश्यः

*यस सर्वेक्षणको उद्देश्य निम्न रहेको छ :*

- गाउँपालिकाको वास्तविक जनसंख्या तथा सामाजिक र आर्थिक अवस्था पत्ता लगाउन
- गाउँपालिकामा रहेका प्राकृतिक तथा भौतिक सम्पदाको लेखाजोखा राख्न
- गाउँपालिकाको विभिन्न पक्षको अवस्था पत्ता लगाई सो अनुरुपको योजना तर्जुमा गर्न
- सबै तथ्याङ्कहरुलाई समावेश गरी 'वडा प्रोफाईल' तयार गर्न

**तयारी विधिः**

यस प्रोफाइल निर्माणमा निम्न विधिहरु प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ :

**क) प्राथमिक श्रोत घरधुरी सर्वेक्षण :**

यसमा गाउँपालिकामा रहेका सबै घरधुरीहरुको तथ्याङ्क संकलन गरिएको छ । यस विधिमा प्रोफाईलमा आवश्यक पर्ने जनसांख्यिक, सामाजिक, आर्थिक, स्वास्थ्य तथा वातावरणीय दृष्टिकोणबाट प्रश्नावली तयार पारिएका थिए । सो प्रश्नावली अनुसारको तथ्याङ्क संकलन गर्नका लागि गणकहरुको प्रयोग गरिएको थियो । यस कार्य गर्नका लागि गणकहरुलाई २ दिने तालिम मार्फत यस गणनाको उद्देश्य तथा विधिहरुको बारेमा राम्ररी जानकारी दिइएको थियो । तत्पश्चात प्रत्येक घरधुरीमा गई घरका प्रमुख व्यक्तिलाई प्रश्नावलीमा उल्लेखित प्रश्नहरु अन्तर्वार्ताका माध्यमबाट सोधी आवश्यक सूचना संकलन गरिएको थियो ।

***स्थलगत अवलोकन :*** सर्वेक्षण कर्ताहरुले वडाले ओगटेको क्षेत्रको स्थलगत भ्रमण गरी आवश्यक जानकारी संकलन गरेका थिए । स्थलगत अवलोकन मार्फत सार्वजनिक विवरण जस्तै सामुदायिक भवन, खानेपानी, पार्क, खेलकुद मैदान, धार्मिक स्थल, शौचालय आदि कुराहरुको अवस्था बुझिएको थियो । सबै विवरण संकलन गर्ने कार्यमा तयारी प्रश्नावलीको प्रयोग गरिएको थियो ।

***श्रोतव्यक्ति अन्तर्वार्ता :*** यस गाँउपालिकाको सार्वजनिक विवरण तथा अन्य महत्वपूर्ण विवरण संकलनको लागि गाँउपालिकामा लामो समयदेखि बसोबास गरिरहेका र यस स्थानका बारेमा धेरै ज्ञान भएका श्रोत व्यक्तिहरुको अन्तर्वार्ता लिइएको थियो । विशेषगरी यस स्थानको वस्तुस्थिति, ईतिहास, परम्परा, धर्म, संस्कृति,

भौगोलिक अवस्था आदिको बारेमा जानकारी हासिल गर्न सो अन्तर्वार्ता लिइएको थियो । यस विधिमा विभिन्न व्यक्तिहरु पहिचान गरी अन्तर्वार्ता लिइएको थियो भने जानकारीको शुद्धता र वैधानिकताको लागि एक भन्दा बढी व्यक्तिहरुसंग जानकारी लिइएको थियो ।

**ख. द्वितीय श्रोत:**


द्वितीय श्रोतका रुपमा विभिन्न प्रकाशन, पुस्तिका, वडाका अभिलेख आदिबाट सुचना तथा जानकारी लिइएको थियो । यसरी लिइएका जानकारीलाई छुट्टै वा प्राथमिक श्रोतको जानकारीलाई प्रमाणित गर्ने आधार बनाई यस पुस्तिकामा प्रयोग गरिएको छ ।

**अध्ययनको क्षेत्र तथा दायरा**

यस अध्ययनमा यस गाँउपालिकामा स्थायी बसोबास गर्ने सबै घर-परिवारको तथ्याङ्क संकलन गरिएको छ । तर यसै वडामा घर भएको तर परिवारका कुनै पनि सदस्य नबस्ने घरको तथ्याङ्क भने लिईएको छैन । यस्ता घरको सख्या सर्वेक्षणको क्रममा जम्मा ६ वटा भेटिएको थियो । यस अध्ययनको भित्र जनसख्या, सामाजिक तथा आर्थिक विवरण, वातावरण तथा स्वास्थ्य, धार्मिक स्थल, उपभोक्ता समिति, विभिन्न विषयगत समूह, सामुदायिक भवन, विद्यालय, वित्तिय संस्था, उद्यागे , कलकारखाना, पार्क, सेवा केन्द्रहरु सम्बन्धी तथ्याङ्क संकलन गरि विश्लेषण गरिएको छ । संकलित सबै विवरणहरु समावेश गरी गाउँपालिकाको प्रोफाइल तयार गर्ने उद्देश्यले विषयगत क्षेत्रहरुको अध्ययन तथा विश्लेषण गरिएको छ । यस सर्वेक्षणमा एउटै भान्सामा खाना खाने परिवार सदस्यलाई घरधुरीको रुपमा लिइएको छ ।

# परिच्छेद -३ बिषयगत विवरण

*खण्ड क : जनसांख्यिक तथा सामाजिक विवरण*




### १. जनसंख्याको आकार

कुनै पनि ठाउँको जनसंख्याको आकार, प्रकार, बनावट त्यहाँको जन्म, मृत्यु र बसाई सराईले असर पारिरहेको हुन्छ । स्थानीय स्तरमा उपलब्ध सेवा-सुविधा, साधन-स्रोत तथा भौगोलिक अवस्थाले त्यस ठाउँको जनसंख्या आकारलाई असर गरिरहेको हुन्छ । त्यसैले ग्रामिण जनसंख्या भन्दा शहरी जनसंख्यामा बृद्धि उच्च रहेको हुन्छ । नगरउन्मुख बबई गाउँपालिकामा २०७६मा गरिएको घरधुरी सर्वेक्षणबाट यस गाँउपालिकामा जम्मा ६०१२ घरधुरी रहेको पाइएको छ । गाउँपालिकाको जम्मा जनसंख्या ३२,२१६ रहेको छ जसमध्ये पुरुष १४७८२ ( ४५.८८%) र महिला १७४३४ (५४.१२%) रहेको पाइयो । गाउँपालिकाको औसत परिवार संख्या ४.६ जना रहेको छ ।

राष्ट्रिय जनगणना, २०६८ अनुसार बबई गाउँपालिकाकोजनसंख्या २७,४६९ रहेको छ जस मध्ये पुरुष ४५.८८ प्रतिशत (१२,५२९ जना) र महिला ५४.१२ प्रतिशत (१४,९४० जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात्प्रति १०० महिलामा पुरुषको संख्या ८३.८६ रहेको छ । जनघनत्व १०७ जना प्रति वर्ग किलोमिटर रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५४.२१ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३९.१७ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ६.६२ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार बबई गाउँपालिकामा ५,९४५ घरपरिवार रहेका छन्। जनगणना २०६८, बमोजिम यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ३.३२ प्रतिशत (९१३ जना) अपाङ्ग भएकाहरू रहेका छन्। जसमध्ये ४७० जना पुरुष र ४४३ जना महिला छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ४.६२ जना सदस्य रहेको देखिन्छ । नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ ।

चित्र नं.१: गाउँपालिकाको जनसंख्या विगत र बर्तमान




## २. उमेर समूह अनुसार जनसंख्याको विवरण

यस गाउँपालिकाको जनसंख्यालाई उमेर समुह अनुसार छुट्याएर हेर्दा यस क्षेत्रमा २०-२९ बर्षका जनसंख्या सबै भन्दा बढी २१.६५ % (महिला १२.७५%, पुरुष ८.९%) रहेका छन् । दोस्रोमा ३०-३९ बर्षका व्यक्तिहरु अधिक छन् जसको प्रतिशत १७.९ (महिला १०.५%, पुरुष७.४%) रहेको छ भने ४०-४९ बर्षका व्यक्तिहरुको प्रतिशत १३.०५ (महिला ६.२७%, पुरुष ६.७८%) रहेको छ। लैङ्गिक रुपमा जनसंख्याको बनोट हेर्दा प्राय उमेर समुहमा पुरुष भन्दा महिलाको संख्या बढी रहेको देखिन्छ। १-४ बर्षको उमेर समुह, १५-२९ बर्षको उमेर समुह, ४०-४९ बर्षको उमेर समुह र ५०-५९ बर्षको उमेर समुह मा भने पुरुषको जनसंख्या बढी पाईएको छ । यसरी हेर्दा यस क्षेत्रमा समग्र रुपमा युवा जनशक्तिले कूल जनसंख्याको आधा भन्दा वढी हिस्सा ओगटेको छ । आर्थिक कृयाकलापमा सकृय उमेर १५-५९ बर्ष समुहका जनसंख्या बढी भएकोले यस गाँउपालिकालाई उनीहरुलाई परिचालित गरी विकासका गतिविधिहरु अगाडि बढाउन ठूलो अवसर रहेको छ। घरधुरी सर्वेक्षण २०७६ मा ५ वर्ष मुनीका उमेर समुहको जनसंख्या कुल जनसंख्याको ६.२% रहेको छ भने ५-१४ वर्ष उमेर समुहको जनसंख्या १५% रहेको देखिन्छ। ०-१४ तथा ६० वर्ष वा सो भन्दा माथिको उमेर समुहलाई अरुमा निर्भर समुहको रुपमा लिईन्छ । यस दृष्टिकोणमा ०-१४ वर्ष उमेर समुहका जनसंख्या २१.२% र ६० वर्ष वा सो भन्दा माथिको उमेर समुहका जनसंख्या ९.१% रहेको देखिन्छ।

टेवल नं. १ : लैङ्गिक रुपमा उमेर समुह अनुसारको जनसंख्या, २०७६

| उमेर समुह | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ बर्ष भन्दा मुनी | १३९ | ०.४ | २०७ | ०.७ | ३४६ | १.१ |
| १-४ बर्ष | ८०२ | २.३ | ८२८ | २.८ | १६३० | ५.१ |
| ५-९ बर्ष | १४४२ | ४.३ | ७१० | २.४ | २१५२ | ६.७ |
| १०-१४ बर्ष | १५३९ | ४.७ | १०६४ | ३.६ | २६०३ | ८.३ |
| १५-१९ बर्ष | १३९५ | ४.० | १४१९ | ४.८ | २८१४ | ८.८ |
| २०-२९ बर्ष | ३६४६ | १२.७५ | २६३१ | ८.९ | ६२७७ | २१.६५ |
| ३०-३९ बर्ष | ३२३१ | १०.५ | २८६८ | ७.४ | ६०९९ | १७.९ |
| ४०-४९ बर्ष | २१३६ | ६.२७ | २३४२ | ६.७८ | ४४७९ | १३.०५ |
| ५०-५९ बर्ष | १४६४ | ४.२ | १५६० | ४.६ | ३०२४ | ८.८ |
| ६०-६९ बर्ष | ९४१ | २.७ | ६८० | २.३ | १६२१ | ५.५ |
| ७० बर्ष र माथि | ६९७ | २.० | ४७३ | १.६ | ११७० | ३.६ |
| जम्मा | १७४३४ | | १४७८२ | | ३२२१६ | १०० |

### ३. वैबाहिक स्थिति

नश्चित उमेर पुगे पछि गरिने वैवाहिक अवस्थाले जनसंख्या वृद्धिमा भूमिका खेलेको हुन्छ । राष्ट्रिय जनगणना २०६८ ले बैबाहिक स्थिति १० बर्ष वा सो भन्दा माथी उमेर भएका जनसंख्यामा विश्लेषण गरेकोले यस गाँउपालिकाको जनसंख्याको वैवाहिक स्थिति पनि सोहि उमेर समुहको जनसंख्यामा हेरिएको छ ।

### ३.१ लैङ्गिक रुपमा बैबाहिक स्थिति

लैङ्गिक रुपमा १० बर्ष वा सो भन्दा माथीको जनसंख्यामा बैवाहिक स्थितिको विश्लेषण गर्दा १६५९ ( ६०.४%) जनसंख्या बिवाहित रहेका छन् जसमा महिला र पुरुष समान जसो संख्यामा बिवाहित भएको पाइएको छ । त्यस्तै ३३.६% जनसंख्या अविवाहित रहेका छन् जसमा महिला १३.९% र पुरुष १९.७% छन् । यसैगरी ५.६% विधुवा/विधुर रहेकामा महिला ४.६% तथा पुरुष केवल १.०% छन् र छुटि्एर वा कानुनी रुपमै पारपाचुके गरेका व्यक्तिहरु जम्मा ०.४% रहेका छन् ।

**टेवल नं. २ : लैङ्गिक रुपमा वडाको जनसंख्याको बैवाहिक स्थिति, २०७६**

| वैवाहिक स्थिति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | प्रतिशत |
| विवाहित | ३०.२% | ३०.२% | **६०.४%** |
| अविवाहित | १३.९% | १९.७% | **३३.६%** |
| पारपाचुके/छुटि्एको | ०.३% | ०.१% | **०.४%** |
| विधुर /विधुवा | ४.६% | १.०% | **५.६%** |
| **जम्मा** | **४९%** | **५१%** | **१००%** |

### ३.२ उमेरगत रुपमा बैवाहिक स्थिति


नेपालको कानुनले विवाह गर्नको लागि कम्तीमा २० वर्षको उमेर तोकेको छ । राष्ट्रिय जनगणना २०६८ ले नेपालमा विवाहको सरदर उमेर पुरुषको २३.८ वर्ष र महिलाको २०.६ वर्ष रहेको देखाएको छ । यस गाँउपालिकामा उमेरगत रुपमा बैवाहिक स्थिति हेर्दा कम उमेर (२० बर्ष भन्दा कम) मा विवाह गर्नेको संख्या न्युन रहेको पाईएको छ जुन एकदम सकरात्मक पक्ष हो ।

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५० वर्ष | ५० वर्ष माथि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १९ | २३८ | २७१२ | १८८५ | ५५३ | ८७ | २८ | ९ | ३ | ३ |
| महिला | ५६ | १२०२ | ५५३५ | १२३९ | १५० | २७ | ८ | २ | २ | ३ |
| जम्मा | ७५ | १,४४० | ८,२४७ | ३,१२४ | ७०३ | ११४ | ३६ | ११ | ५ | ६ |
| प्रतिशत | ०.५५ | १०.४६ | ५९.९३ | २२.७० | ५.११ | ०.८३ | ०.२६ | ०.०८ | ०.०४ | ०.०४ |

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ । बबई गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ८,२४७ अर्थात् सबैभन्दा बढी (५९.९३ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ३,१२४ (२२.७० प्रतिशत) देखिन्छ । तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १,४४० (१०.४६ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ७५ (०.५५ प्रतिशत) रहेको देखिन्छ । यस गाउँपालिकामा पछिल्लो अवस्थामा बाल विवाह कम हुँदै गएको पाईन्छ । १० वर्षको उमेरमा विवाह गर्ने प्रवृत्ति अहिले नियन्त्रण भएपनि पहिले विवाह गरेका केही व्यक्तिहरु ( प्राय : बृद्धबृद्धा) पनि समेटिएको तथ्यांकले देखाएको छ । यसलाई पूर्ण रुपमा नियन्त्रण गर्नको लागी उचित शिक्षा तथा चेतनामुलक कार्यक्रमको व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ४. शैक्षिक विवरण

नेपालमा विद्यालय शिक्षालाई पूर्व प्राथमिक, प्राथमिक (१-५ कक्षा), निम्न माध्यामिक (६-८ कक्षा), माध्यामिक (९-१० कक्षा) र उच्च माध्यामिक (११-१२ कक्षा) तहमा विभाजन गरी औपचारिक शिक्षा प्रदान गरिदै आइरहेको छ । उच्च शिक्षामा विभिन्न सरकारी तथा गैह्र सरकारी विश्व विद्यालयले योगदान पुऱ्याउने कार्य गर्दै आइरहेका छन् । राष्ट्रिय जनगणना २०६८ ले शैक्षिक विवरण ५ बर्ष वा सो भन्दा माथी उमेर भएका जनसंख्यामा विश्लेषण गरेकोले यस वडाको जनसंख्याको शैक्षिक स्थिति पनि सोहि उमेर समुहको जनसंख्यामा हेरिएको छ । सर्वेक्षणको नतिजा हेर्दा यस वडाको ९०% ( महिला ४१%, पुरुष ४९%) जनसंख्या साक्षर रहेको पाइयो भने १०% (महिला ८%, पुरुष २%) जनसंख्या भने अझै निरक्षर रहेको पाईयो । त्यस्तै यस वडामा निरक्षरको प्रतिशत १०.१% (महिला ७.९%, पुरुष २.२%) रहेको छ जसलाई मध्यनजर गरी निरक्षर जनसंख्यालाई साक्षर बनाउन गाँउपालिकाले साक्षरता कार्यक्रम संचालन गर्न जरुरी देखिन्छ ।




त्यस्तै साक्षर जनसंख्या मध्ये शैक्षिक योग्यताको विश्लेषण गर्दा १-५ कक्षा उत्तीर्ण गरेका जनसंख्या१९.२% ( महिला ८.६%, पुरुष १०.६%) रहेका छन् भने ६-१० कक्षा उत्तीर्ण गर्नेको जनसंख्या २१.२% (महिला ८.४%, पुरुष १२.८%) रहेको छ । त्यस्तै प्रवेशिका परिक्षा उत्तीर्ण गरेका १२.३% (महिला ४.९%, पुरुष ७.४%) पाईएको छ भने कक्षा १२ वा प्रमाणपत्र तह उत्तीर्ण गर्ने जनसंख्या१४.४% (महिला ६.१%, पुरुष ८.३%) रहेको छ । यसैगरी स्नातक उत्तीर्ण गर्नेको प्रतिशत ५.०% तथा स्नातकोत्तर वा सो भन्दा माथी अध्ययन गर्नेको प्रतिशत केवल १.४% छ । यसै गरी वडामा साधारण लेखपढ गर्न जान्नेको हिस्सा १४.५% छ भने १.९% प्रारम्भिक शिक्षा (१ कक्षा भन्दा मुनी) मा भर्ना भएका छन् । स्नात्तकोत्तर तह वा सो भन्दा माथि उत्तीर्ण गर्नेको जनसंख्या न्यून रहेको हुँदा शैक्षिक अभियानका साथै शैक्षिक योग्यताको स्तरोन्नती तर्फ सोच्न जरुरी देखिन्छ । त्यस्तै प्राथमिक तह देखि उच्च शिक्षा हासिल गर्ने सम्म महिलाको संख्या पुरुषको भन्दा कम भएको देखिन्छ ।

टेबल नं. ४ : गाउँपालिकाकाको साक्षर जनसंख्या मध्येको शैक्षिक विवरण २०७६

| शैक्षिक योग्यता | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | प्रतिशत |
| साधारण लेखपढ | ९.५ | ५.० | १४.५ |
| प्रारम्भिक शिक्षा (१ कक्षा भन्दा मुनी) | ०.८ | १.१ | १.९ |
| १-५ कक्षा उत्तीर्ण | ८.६ | १०.७ | १९.३ |
| ६-१० कक्षा उत्तीर्ण | ८.४ | १२.८ | २१.२ |
| SLC उत्तीर्ण | ४.९ | ७.४ | १२.३ |
| कक्षा १२/प्रमाणपत्र तह उत्तीर्ण | ६.० | ८.४ | १४.४ |
| स्नातक तह उत्तीर्ण | २.२ | २.८ | ५.० |
| स्नातकोत्तर तह वा सो भन्दा माथी उत्तीर्ण | ०.६ | ०.८ | १.४ |
| जम्मा | ४१% | ४९% | ९० |

## ५. पेशाको आधारमा जनसंख्या

गाउँपालिकाको जनसंख्याले अपनाएका मुख्य पेशाको विश्लेषण गर्दा सबै भन्दा बढी कूल जनसंख्याको २४.७% विद्यार्थी (महिला ११.७%, पुरुष १३.०%) रहेका छन् भने दोस्रोमा घरायसी काम गर्ने १७% ( महिला १५.६%, पुरुष १.४%) छन् । त्यस्तै कृषिलाई मुख्य पेशा अपनाएका १६.९% (महिला ७.९%, पुरुष ९.०%) पाईएको छ जुन कृषि नै समग्रमा महत्वपूर्ण पेशा/क्षेत्र रहि आएको परिप्रक्ष्यमा यहाँको नतिजा अपेक्षित नै पाईएको छ भने नोकरी गर्नेको प्रतिशत १३.४ (महिला ३.८%, पुरुष ९.६%) रहेको छ । त्यसैगरी ८.२% जनसंख्या (महिला २.८%, पुरुष ५.४%) व्यापार/व्यवसायमा संलग्न रहेका छन् भने वैदेशिक रोजगारमा जानेको हिस्सा ४.४% (महिला १.३%, पुरुष ३.१%) रहेको छ । त्यस्तै २.४% जनसंख्या (महिला ०.३%, पुरुष २.१%) मजदुरी गर्दछन् भने लगभग १% ले शिक्षण पेशा अपनाएका छन् । जनसंख्याको २% (महिला ०.३%, पुरुष १.७%) बेरोजगार पाईएको छ । १०.१% जनसंख्या जो साना बालबालिका, बृद्धबृद्धा तथा अशक्त पर्दछन् र कुनै पनि काम सक्दैनन् उनीहरुलाई अन्यमा राखिएको छ । धेरै जनसंख्या घरायसी कार्यमा मात्र संलग्न रहेको सन्दर्भमा सो समुहमा शीप मुलक तालिम, आय आर्जन कार्यक्रम, चेतना मुलक कार्यक्रम मार्फत रोजगार प्रदान गरी जीवन स्तर वृद्धि गर्नमा मद्दत पुऱ्याउन सकिन्छ ।

टेबल नं. ५ : गाउँपालिकाको पेशागत विवरण २०७६

| पेशा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | प्रतिशत |
| कृषि | ७.९ | ९.० | १६.९ |
| व्यापार/ व्यवसाय | २.८ | ५.४ | ८.२ |
| घरायसी काम | १५.६ | १.४ | १७.० |
| नोकरी | ३.८ | ९.६ | १३.४ |
| विद्यार्थी | ११.७ | १३.० | २४.७ |
| वैदेशिक रोजगार | १.३ | ३.१ | ४.४ |
| मजदूरी | ०.३ | २.१ | २.४ |
| शिक्षक | ०.५ | ०.४ | ०.९ |
| बेरोजगार | ०.३ | १.७ | २.० |
| अन्य | ४.७ | ५.४ | १०.१ |
| जम्मा | ४८.९% | ५१.१% | १०० |

## ५.१ उमेरगत रुपमा गाउँपालिकावासीको मुख्य पेसा

जनसांख्यिक रुपमा पन्ध्र बर्ष भन्दा मुनी र ६० वर्ष वा सो भन्दा माथिको उमेर समुहलाई अरुमा निर्भर समुहको रुपमा लिईन्छ भने बिचको १५-५९ बर्ष उमेर भएको जनसंख्यालाई आर्थिक कृयाकलापमा सकृय हुने समुहको रुपमा लिईन्छ । तसर्थ यस वडाको जनसंख्यालाई यिनै उमेर समुहमा वर्गीकरण गरी उक्त समुहका जनसंख्याले अपनाउने मुख्य पेशाको विश्लेषण गरिएको छ । सर्वेक्षणले १५-५९ बर्ष उमेर भएको जनसंख्यामा बेरोजगारी दर १.७ % रहेको देखाएको छ । त्यस्तै यस उमेर समुहका १४.१ % मानिस घरायसी काममै व्यस्त हुने गरेको देखाएको छ भने लगभग उत्तिकै जनसंख्या १३.९% ले कृषिलाई मुख्य पेशाको रुपमा अपनाएका छन् । त्यसैगरी कुनै नोकरीमा लाग्नेको प्रतिशत १३.१ रहेका पाईयो भने ७.७ % यस उमेरका व्यक्तिहरु व्यापार/व्यवसायमा गर्ने गरेको पाईयो ।


| पेशा | १५ बर्ष भन्दा मुनी | १५-५९ बर्ष | ६० बर्ष वा सो भन्दा माथि |
|---|---|---|---|
| | प्रतिशत | प्रतिशत | प्रतिशत |
| कृषि | – | १३.९ | ३.० |

| | | | |
|---|---|---|---|
| व्यापार/ व्यवसाय | – | ७.७ | ०.५ |
| घरायसी काम | – | १४.१ | २.८ |
| नोकरी | – | १३.१ | ०.३ |
| विद्यार्थी | १३.१ | ११.६ | – |
| वैदेशिक रोजगार | – | ४.४ | – |
| मजदूरी | – | २.३ | ०.१ |
| शिक्षक | – | १.० | – |
| बेरोजगार | ०.० | १.७ | ०.३ |
| अन्य | ८.० | ०.४ | १.७ |
| जम्मा | २१.१ | ७०.२ | ८.७ |

## ६. जन्म दर्ताको अवस्था

जन्म दर्ता बालबालिकाको अधिकार सुनिश्चित गर्ने पहिलो अधिकार हो । विभिन्न प्रकारको व्यक्तिगत घटनाहरु मध्ये जन्म दर्ता प्रमुख हो । बालबालिकालाई जन्मिएपछि आफ्नो नाम, राष्ट्रियता र पहिचानको अधिकार हुन्छ । त्यसैले यस गाँउपालिकाको घरधुरी सर्वेक्षणमा १६ बर्ष मुनी बालबालिकाको जन्म दर्ताको अवस्था हेरिएकोमा जम्मा ८३% बालबालिकाको जन्म दर्ता गरिएको पाइयो भने १२% को जन्म दर्ता नगरिएको रहेछ र ५% बालबालिकाको जन्म दर्ताको अवस्था थाहा पाईएन ।

चित्र नं. ३ : १६ बर्ष मुनी बालबालिकाको जन्म दर्ताको अवस्था




## ७. जातीगत विवरण

जातीगत रुपमा हेर्दा यस गाँउपालिकामा मुख्य रुपमा ब्राम्हण/क्षेत्रीहरुको बाहुल्यता भएको देखिन्छ । जम्मा घरधुरी संख्याको आधी भन्दा धेरै ब्राम्हण/क्षेत्रीहरुको घर रहेको छ । त्यस्तै एक-तिहाई अन्य जनजातीहरुको बसोबास रहेको पाईएको छ । यस गाउँपालिका सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको पाईन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार दाङ जिल्लामा कुल ७३ किसिमका जातजातिको बसोबास रहेको छ भने ८ किसिमका मातृभाषा बोलिने गरिएको देखिन्छ । यसरी दाङ जिल्लामा अवस्थित बबई गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति ४९.५३%, दोस्रोमा मगर १८.९४% र तेस्रोमा कामी १२.३५% रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।


तालिका नं. ११बबई गाउँपालिकाको जनसंख्या र जातको विवरण

| क्र.सं. | जातजाति | प्रतिशत |
|---|---|---|
| १ | क्षेत्री | ४९.५३ |
| २ | मगर | १८.९४ |
| ३ | कामी | १२.३५ |
| ४ | थारु | ४.०७ |

| | | | |
|---|---|---|---|
| ५ | ब्राम्हण पहाडी | | ३.९४ |
| ६ | सन्यासी/दशनामी | | २.६३ |
| ७ | दमाई/ढोली | | २.५८ |
| ८ | सार्की | | १.७५ |
| ९ | कूमाल | | १.३९ |
| १० | अन्य | | २.८ |
| ११ | उल्लेख नगरिएको | | ०.०१ |
| | | जम्मा | १००.०० |

## ८. धर्मको आधारमा घरधुरी तथा जनसंख्या

नेपाली समाजको उत्पत्ती देखि नै नेपाल धर्ममा आधारित देश रहदै आईरहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालमा ८१.३४% हिन्दु धर्म मान्ने जनसंख्या पाईएको छ । सोहि नतिजा अनुसारकै यस वडामा पनि बहुसङ्ख्यक घरधुरी (८७.२%) हिन्दु धर्म मान्ने रहेका छन् । त्यस्तै ९.७% घरधुरीले बौद्ध धर्म अवलम्बन गर्ने पाईयो भने ३.१% घरधुरीहरुले क्रिश्चियन धर्म मान्ने गरेका छन् ।




*धर्मको आधारमा जनसंख्या*

कुन धर्म मान्ने भन्ने कुरा व्यक्ति विशेषको कुरा हो तथापी यस सर्वेक्षणमा घरधुरीको सबै परिवार सदस्यले एउटै धर्म मानेको हुन्छन् भन्ने सोचाईमा वडाको जनसंख्यालाई वर्गीकरण गरिएको छ । यस आधारमा

विश्लेषण गर्दा यस वडाको कूल जनसंख्याको ८८.०% मानिसहरुले हिन्दु धर्म मान्ने गरेको पाईयो भने ९.०% जनसंख्याले बौद्ध धर्म र ३.०% ले क्रिश्चियन धर्म मान्ने गरेको पाईयो ।

**टेबल नं. ७ : धर्मको आधारमा गाँउपालिकाको जनसंख्या(प्रतिशतमा)**

| धर्म | प्रतिशत |
|---|---|
| हिन्दु | ८८.० |
| बौद्ध | ९.० |
| क्रिश्चियन | ३.० |
| **जम्मा** | १०० |

## ९. मातृभाषाको आधारमा घरधुरी तथा जनसंख्या

नेपाल एक बहु-जाति, बहु-भाषा र बहु-साँस्कृतिक विशेषता बोकेको राष्ट्र हो । त्यसैले यहाँ जात भाषा र संस्कृतिमा विविधता पाईन्छ । नेपालको संविधानका भाग ३, धारा ३२ मा देहाय बमोजिम भाषा तथा संस्कृतिको हकको व्यवस्था गरिएको छ । यसै अनुरुप यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा विविधता रहेको पाइन्छ । यहाँ विशेषत नेपाली, थारु, मगर लगायतका भाषा बोल्ने गरेको देखिन्छ । यसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं.** १२ मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | प्रतिशत |
|---|---|---|
| १ | नेपाली | ९४.२१ |
| २ | थारु | ३.४४ |
| ३ | मगर | २.१७ |

| | | |
|---|---|---|
| ४ | अन्य | ०.१६ |
| ५ | उल्लेख नगरिएको | ०.०२ |
| | **जम्मा** | **१००.००** |

### *खण्ड ख : आर्थिक विवरण*

आर्थिक अवस्थाले देश, क्षेत्र, नगर वा गाँउपालिकाको समष्टिगत अवस्थाको चित्रण गरेको हुन्छ । आम्दानी, खर्च, पेशा, रोजगारी, व्यवसाय, वित्तिय अवस्था जस्ता विषयले आर्थिक अवस्थाको विश्लेषण गर्न सहयोग गर्दछ । पर्यटन, उद्योग, बन-जङ्गल, जडीवुटी, प्राकृतिक मनोरम स्थल, ऐतिहासिक धार्मिक सम्पदा र क्षेत्रहरु नै आर्थिक विकासका प्रमुख सम्भावना सम्भावनाहरु हुन् । आर्थिक विकासको खाका निर्माण गरी आर्थिक परिसुचकमा सुधार गर्ने तथा जोखिम पहिचान गरी लगानी योग्य क्षेत्रमा सुधारात्मक थालनी गरिने कार्यलाई जोड दिदै कृषि तथा पर्यटनको दिगो विकासमा लागि पर्नु जरुरी देखिन्छ । स्थानीय साधन तथा पूँजी र प्रविधिको प्रयोगमा जोड दिदै सेवा सुविधा र उत्पादनमा विविधिकरण अगाडी बढाउने कार्य तर्जुमा गर्नु पर्दछ । यस क्षेत्रको विकासलाई आर्थिक पक्षसँग जोडेर हेर्दा यहाँको रहनसहन, घरको प्रकार, आम्दानीको श्रोत, जग्गा जमिन, इन्धन, खानेपानी, शौचालय आदिको अवस्था, परिवारमा उपलब्ध सुविधाहरु आदि पक्षलाई तुलना गरेर हेर्न सकिन्छ । यसरी यी पक्षहरु केलाउँदा यस क्षेत्रमा शहरीकरणको प्रभाव राम्रै रुपमा देख्न पाइन्छ । ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा रुपान्तरण हुँदै गइरहेको यस वडामा ग्रामीण र शहरी दुबै किसिमका अवस्थाको सम्मिश्रण देख्न पाइन्छ । यस गाँउपालिकामा निम्न विषय-वस्तुहरुको आधारमा यस वडाको आर्थिक अवस्था हेर्न खोजिएको छ ।

#### १. घरको प्रकार

व्यक्तिको आर्थिक स्थितिको झल्को उसको भएको घरको प्रकारले पनि झल्काउँछ । यस पालिकामा रहेका घरमध्येमा ४७.९ प्रतिशत घरहरु जस्ता वा टीनले छाएका छन् भने ३५.३ प्रतिशत घरहरु सिमेन्टबाट बनेका छन् । त्यस्तै १४.३ प्रतिशत घरहरु माटो र ढुंगाले बनेका छन् भने १.८ प्रतिशत घरहरु माटो र बाँस/नर्कटले बनेका छन् । बाँकी ०.७ प्रतिशत घरहरु अन्य सामाग्रीको प्रयोगले बनेका छन् ।


टेबल नं. ८ : पालिकामा रहेको घरको प्रकार

| घरको प्रकार | प्रतिशत |
|---|---|
| सिमेन्टेड (ढलान) | ३५.३ |
| माटो र ढुंगा | १४.३ |
| माटो र बाँस/नर्कट | १.८ |
| जस्ता/टीन | ४७.९ |
| अन्य | ०.७ |
| जम्मा | १०० |

## २. घरको स्वामित्वको स्थिति

यस गाँउपालिकामा रहेका घरमध्येमा ९४.१% आफ्नै स्वामित्वमा भएको पाईएको छ भने १.८% भाडामा लिएर बसोबास गर्दै आएको पाईयो भने अन्यमा ४.१% जुन संयुक्त स्वामित्व भएको, गुठीको नाममा रहेको आदि पर्दछ ।

चित्र नं. ७ : घरको स्वामित्वको स्थिति




**लैङ्गिक रुपमा घरको स्वामित्वको स्थिति**

आफ्नै घरमा बसोबास गरेको मध्ये ७४.३ प्रतिशत घरहरुमा पुरुषको स्वामित्व रहेको छ भने २५.७ प्रतिशत घरहरुमा महिलाको स्वामित्व रहेको पाईएको छ । यसरी हेर्दा सम्पत्तिमा समान अधिकारको कुरा संविधानमा सुनिश्चित भएता पनि अझै पनि सम्पत्तिमा समानता कायम हुन नसकेको र सम्पत्तिको स्वामित्वमा पुरुषको वर्चश्व कायम नै रहेको देख्न सकिन्छ ।

टेबल नं. ९ : लैङ्गिक रुपमा रहेको घरको स्वामित्वको स्थिति

| घरको स्वामित्वको स्थिति | प्रतिशत |
|---|---|
| पुरुषको स्वामित्व | ७४.३ |
| महिलाको स्वामित्व | २५.७ |
| जम्मा | १०० |

## ३. आम्दानीको मुख्य श्रोत

बढ्दै गइरहेको आधुनिकीकरण, शहरीकरण र विकासको गतिसँगै देशकै प्रमुख पेशाको रुपमा रहेको कृषिलाई अन्य पेशाले विस्थापन गर्दै लगेको परिप्रेक्ष्यमा यस वडामा पनि कृषि पेशासँगै अन्य पेशाहरु पनि बढ्दै गइरहेको देखिन्छ । कृषिमा आधुनिकरणको कमि तथा वैज्ञानिक तवरले खेती ज्ञड नगर्नाले उत्पादकत्वमा

कमी आए संगै यस क्षेत्रमा क्रियासिल व्यक्तिहरु अन्य पेशामा लाग्न थालेका छन् । कृषिमा व्यवसायीकरण, यान्त्रीकरण र विविधिकरण गरी कृषि क्षेत्रको रुपान्तरण गरी सरकारी, निजी साझेदारी तथा सहकारी मार्फत कृषि पेशाालाई आम्दानीको पेशा बनाई आय आर्जन गर्ने, रोजगारी सिर्जना गर्ने र खाद्य तथा पोषण सुरक्षामा जोड दिन जरुरी देखिन्छ । यस वडाका ४३.७ प्रतिशत घरधुरीको आम्दानीको मुख्य श्रोत कृषि रहेको छ भने २७.७ प्रतिशतको आम्दानीको मुख्य श्रोत नोकरी, १८.३ प्रतिशतको आम्दानीको श्रोत व्यापार व्यवसाय, ६.९ प्रतिशतको ज्याला मजदुरी, २.७ प्रतिशतको रेमिट्यान्स र ०.७ प्रतिशतको अन्य (सामाजिक सुरक्षा भत्ता, बैङ्कबाट प्राप्त बचतको ब्याज) रहेको छ ।

**टेबल नं. १० : गाँउपालिकामा रहेको परिवारको मुख्य आम्दानीको श्रोत**

| आम्दानीको मुख्य श्रोत | प्रतिशत |
|---|---|
| कृषि | ४३.७ |
| व्यापार / व्यवसाय | १८.३ |
| नोकरी | २७.७ |
| मजदुरी | ६.९ |
| रेमिट्यान्स | २.७ |
| अन्य (सामाजिक भत्ता, ब्याज) | ०.७ |
| जम्मा | १०० |

### ४. ईन्धनको प्रयोग

हाल शहरीकरणको प्रभावले एल.पि.जी. ग्यासको बढ्दो प्रयोग हुँदै गइरहेता पनि वनजङ्गल नजिकै रहेका तथा काठ दाउराको उपलब्धताका कारण इन्धनको लागि दाउराको प्रयोग पनि उत्तिकै मात्रामा हुने गरेको छ । ईन्धनको लागि अन्य वैकल्पिक उपायको प्रयोग भने न्यून रहेको पाईयो । ५३.३ प्रतिशत घरधुरीमा ईन्धनको लागि दाउराको प्रयोग गर्ने गरिएको पाईयो भने ४५.२ प्रतिशत घरधुरीमा एल.पि.जी.ग्यासको प्रयोग, १.२ प्रतिशतमा गोबर वा बायोग्यास तथा ०.३ प्रतिशतमा ईन्धनको रुपमा मट्टितेलको प्रयोग हुने गरेको पाईयो । कुनै घरधुरीमा पनि विद्युत ईन्धनको श्रोतको रुपमा प्रयोग भएको पाईएन ।

टेबल नं. ११ : गाँउपालिकाका घरधुरीले प्रयोग गर्ने ईन्धनको किसिम

| ईन्धनको प्रयोग | प्रतिशत |
|---|---|
| विद्युत | ० |
| एल.पि.जी ग्यास | ४५.२ |
| गोबर/बायोग्यास | १.२ |
| मट्टितेल | ०.३ |
| दाउरा | ५३.३ |
| **जम्मा** | १०० |

## ५. खानेपानीको मुख्य श्रोत

खानेपानीको मुख्य श्रोत सम्बन्धी अध्ययन गर्दा ६१.१ प्रतिशत घरधुरीले सार्वजनिक धारा, इनार वा कुवाको पानी खानेपानीको मुख्य श्रोतको रुपमा प्रयोग गर्ने गरेको पाईयो भने ३७.१ प्रतिशतले आफ्नै धारा, इनार वा कुवाको पानी खानेपानीको मुख्य श्रोतको रुपमा प्रयोग गर्ने गरेको पाईयो । त्यस्तै १८ प्रतिशतले खानेपानीको लागि अन्य श्रोत जस्तै बोटलको पानी प्रयोग गर्ने गरेको पाइएको छ । खोलाको पानीलाई खानेपानीको मुख्य श्रोतको रुपमा कसैले पनि उपभोग नगरेको देखियो ।


टेबल नं. १२ : गाँउपालिकाको घरघुरीको खानेपानीको मुख्य श्रोत

| खानेपानीको मुख्य श्रोत | प्रतिशत |
|---|---|
| आफ्नै धारा/इनार/कुवा | ३७.१ |
| सार्वजनिक धारा/इनार/कुवा | ६१.१ |
| खोला | ० |
| अन्य (बोटलको पानी) | १.८ |
| **जम्मा** | १०० |

## ६. पानी शुद्धिकरणको विधि

सुरक्षित पानीको प्रयोगले स्वास्थ्य प्रवद्धनमा महत्वपूर्ण भूमिका खेल्छ । असुरक्षित पानीको प्रयोग गर्नाले विभिन्न संक्रमण जन्य रोगहरुको सिकार भईन्छ । तसर्थ पानी पिउनु अगाडी यसलाई घरायसी तहमा नै पिउन योग्य बनाउनु अत्यन्त जरुरी हुन्छ । गाँउपालिकाका प्रत्येक घरमा पानी शद्धिकरणको विधि बारे

जिज्ञासा राख्दा २८.७ प्रतिशत घरधुरीले खानेपानी शुद्धिकरणको लागि फिल्टर विधि प्रयोग गरेको पाईयो भने २१.८ प्रतिशतले पानी उमालेर खाने गरेको पाईयो । त्यस्तै २.८ प्रतिशतले सोडिस प्रविधिबाट र ०.६ प्रतिशतले क्लोरिन प्रयोग गरि पानी शुद्धिकरण गर्ने गरेको पाईयो । अझै पनि ४६.१ प्रतिशत घरधुरीले शुद्धिकरणको कुनै पनि विधि प्रयोग नगरी पानी खाने गरेको अध्ययनले देखाएको छ ।




### ७. शौचालयको अवस्था

सरसफाईको वानी व्यवहारको सही अवलम्वनबाट मानिसमा रोग लाग्ने सम्भावना कम हुन्छ । चर्पीको प्रयोग, वालवालिकाको दिसाको उचित व्यवस्थापन, साबुन पानीले हात धुने, वरिपरीको वातावरण स्वच्छ र सफा राख्नु महत्वपूर्ण व्यवहारहरु हुन् । खुला दिशामुक्त क्षेत्र घोषणा पश्चात प्राय: घरमा शौचालय बनिसकेको अवस्था भएपनि अझैपनि केही घरमा शौचालय नबनिसकेको अवस्था छ । यसै विषयमा वडा वासीहरुमा शौचालयको अवस्था बारे सोध्दा ८९.८ प्रतिशत घरमा फ्लस/सेप्टी ट्याङ्की भएको शौचालय रहेको पाईयो भने ७.५ प्रतिशत घरमा खाल्डे चर्पी रहेको पाईयो । त्यस्तै १.२ प्रतिशत घरमा अन्य किसिमका चर्पी रहेको पाईयो भने १.५ प्रतिशत घरमा चर्पी नै नभएको अवस्था पाईएको छ ।

**टेबल नं. १३ : गाँउपालिकाको घरघुरीको शौचालयको अवस्था**

| शौचालयको अवस्था | प्रतिशत |
|---|---|
| फ्लस/सेप्टी ट्याङ्की | ८९.८ |
| खाल्डे चर्पी | ७.५ |
| चर्पी नभएको | १.५ |

| | |
|---|---|
| अन्य | १.२ |
| **जम्मा** | १०० |

## ८. घरपरिवारमा उपलब्ध सुविधाहरु

बढ्दो आधुनिकरणसँगै घरपरिवारमा आधुनिक सुविधाहरु अत्यावश्यक जस्तै हुन थालेको छ । टेलिफोन, टेलिभिजन जस्ता सुविधाहरु प्रायः अनिवार्य जस्तै हुँदै गएको अवस्थामा अन्य सुविधाहरु जस्तै कम्प्युटर, ल्यापटप, फ्रिज, इन्टरनेट, सवारी साधन आदि सुविधाहरुको प्रयोग पनि उल्लेख्य मात्रामा बढ्दै गइरहेको छ । ९६.६ प्रतिशत घरधुरीमा टेलिफोन/मोबाईल फोनको सुविधा रहेको छ भने ८५.६ प्रतिशतमा टेलिभिजनको सुविधा रहेको छ । त्यस्तै ४३.२ प्रतिशत घरधुरीमा स्कुटर/मोटरसाइकल जस्ता दुई पांग्रे सवारी रहेको छ भने ३०.५ प्रतिशत घरमा रेडियो, २७.८ प्रतिशतमा फ्रीज, २४ प्रतिशतमा कम्प्युटर/ल्यापटप, १५.२ प्रतिशतमा इन्टरनेट, ९.६ प्रतिशतमा सौर्य उर्जा तथा ६.३ प्रतिशतमा चार पांग्रे सवारी साधनको सुविधा उपलब्ध रहेको छ ।


**टेबल नं. १४ : गाँउपालिकाको घरपरिवारमा उपलब्ध सुविधाहरु**

| घरमा उपलब्ध सुविधाहरु | प्रतिशत |
|---|---|
| टेलिभिजन | ८५.६ |
| टेलिफोन/मोबाइल फोन | ९६.६ |
| रेडियो | ३०.५ |
| कम्प्यूटर/ल्यापटप | २४.० |
| फ्रीज | २७.८ |
| इन्टरनेट | १५.२ |
| स्कुटर/मोटरसाइकल/ साइकल | ४६.२ |
| चार पाङ्ग्रे सवारी साधन | ३.३ |
| सौर्य उर्जा | ९.६ |

## ९. बैंकिङ्ग सुविधाको प्रयोग

राष्ट्रको आर्थिक व्यवस्थालाई सबलिकरण र सुदृढ गर्न बैंकिङ्ग क्षेत्रको विशेष भूमिका हुन्छ । हाम्रो जस्तो मुलुकमा बैंकिङ्ग क्षेत्रबाट पुऱ्याएको सेवाबाट जनताको आर्थिक र सामाजिक विकासमा सहयोग पुगेको देखिन्छ। यसै सन्दर्भमा वडामा रहेका घरधुरीहरुको बैंकिङ्ग स्थितिको अध्ययन गर्दा यस वडाका ६७९ घरधुरीमा ८४ प्रतिशत घरधुरीको परिवारको कम्तीमा एक जना सदस्यको नाममा वैङ्क खाता रहेको पाईयो भने बाँकी १६ प्रतिशत परिवारको कुनै पनि सदस्यको नाममा कुनै बैङ्क खाता नरहेको पाईयो ।

चित्र नं. ९ : बैंकिङ्ग सुविधाको प्रयोग गर्ने घरधुरी




## १०. कृषियोग्य जमिन भएका घरपरिवार

करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागि निर्भर रहेको एवम् कुल गार्हस्थ्य उत्पादनमा करिव ३२ प्रतिशत योगदान रहेको नेपालको कृषि क्षेत्रमा साना र मझौला किसानहरुको बढी संलग्नता रहेको छ । कृषि प्रणालीमा आधुनिकरण नहुनु, बढ्दो लागत, भूमिको खण्डिकरण, यसमा संलग्न कृषकहरुको उत्पादकत्व कम रहदा यस क्षेत्रबाट श्रमशक्तिको पलायन बढ्दो छ । बढ्दो जनसंख्याको चापलाई धान्न सक्ने गरि खाद्य तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न कृषि उत्पादन र उत्पादकत्व बढाउनु पर्ने जरुरी रहेको छ । देशको सर्वाङ्गिण विकासको लागि कृषि एक महत्वपूर्ण क्षेत्र भएता पनि बढ्दो शहरीकरण र बसाईं सराईले गर्दा कृषि योग्य जमिन कमी हुँदै गईरहेको छ । यस वडाका ८६.६ प्रतिशत (५८८) घरधुरीको कृषियोग्य जमिन रहेको छ भने १३.४ प्रतिशतको (९१ घरधुरी) कृषियोग्य जमिन रहेको छैन । यसरी हेर्दा मुख्य आम्दानीको श्रोतमा कृषि पेशा अवलम्बन गर्ने जनसंख्या थोरै भएपनि अतिरिक्त आम्दानीको श्रोतको रुपमा अझै पनि कृषि रहेको अनुमान गर्न सकिन्छ ।

टेबल नं. १५ : गाँउपालिकामा कृषियोग्य जमिन भएका घरधुरी

| कृषियोग्य जमिन | प्रतिशत |
|---|---|
| कृषियोग्य जमिन भएको परिवार | ८६.६ |
| कृषियोग्य जमिन नभएको परिवार | १३.४ |
| जम्मा | १०० |

## ११. महिलाको नाममा जग्गा-जमिन

महिलाहरुको आर्थिक, सामाजिक विकास र शशक्तिकरणको लागि संविधानमा महिलाको हक प्रत्याभूत गरिएको छ । विविध सरकारी प्रयासका कारण महिला घरधुरी २५.७ प्रतिशत, सम्पत्ति माथि महिलाको स्वामित्व २६ प्रतिशत, निजामती प्रशासनमा महिलाको प्रतिनिधित्व १७ प्रतिशत र श्रम रहभागिता दर ५४ प्रतिशत पुगेको छ । यसै परिप्रेक्ष्यमा यस वडामा गरिएको घरधुरी सर्वेक्षणले यस क्षेत्रमा जम्मा २८ प्रतिशत मात्र महिलाको नाममा जमिन रहेको पाईएको छ । यसरी हेर्दा यस वडामा अझै पनि सम्पत्ति र श्रोतमा महिलाको समान सहभागिता र स्वामित्व हुन नसकेको देखिन्छ ।

टेबल नं. १६ : गाँउपालिकामा महिलाको नाममा जग्गा-जमिन भएको घरधुरी

| महिलाको स्वामित्व | प्रतिशत |
|---|---|
| महिलाको नाममा जमिन भएको परिवार | २८ |
| महिलाको नाममा जमिन नभएको परिवार | ७२ |
| जम्मा | १०० |

## १२. घरपालुवा पशुपंक्षी भएका घरपरिवार

पशुपंक्षी पालन क्षेत्रले देशको कुल गार्हस्थ उत्पादनमा करिब ११ प्रतिशत र कुल कृषि गार्हस्थ उत्पादनमा २६.८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रही आएको छ । तीव्र शहरीकरण, नेपालीहरुको आय आर्जनमा भएको वृद्धि, खाद्य व्यवहारमा परिवर्तन तथा पशुजन्य खाद्य पदार्थको माग बढिरहेको सन्दर्भमा पशुपंक्षी सम्बन्धी अध्ययन एक चासोको विषय हो । यस गाँउपालिकामा नगरपालिकाको अन्य क्षेत्र भन्दा पशुपालनलाई बढी जोड दिएको पाईन्छ । खेती र पशुपालनमा संलग्न परिवारले यसलाई केहि मात्रामा आर्थिक अवस्था सुधार गर्ने उपायको रुपमा पनि लिने गरेको पाईन्छ ।

ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा रुपान्तरण हुँदै गर्दा पनि यहाँ पशुपालनमा संलग्न घरधुरी पनि उल्लेख्य मात्रामा रहेका छन् । विशेषगरी ग्रामीण समाज, जङ्गल क्षेत्र नजिक, घाँस, चरण आदिको उपलब्धता आदिका कारणले पनि यस क्षेत्रमा पशुपालन उल्लेख्य मात्रामा रहेको छ । यहाँको ५९.१ प्रतिशत घरधुरीमा घरपालुवा पशुपंक्षी रहेको पाईएको छ । यी मध्ये ४३ प्रतिशत घरधुरीमा खसी/बाखा/भेडा भएको, २५.९ प्रतिशतमा कुखुरा/हाँस भएको, १९.४ प्रतिशत घरधुरीमा गाई/गोरु भएको, ०.९ प्रतिशतमा भैसी/रांगा भएको, ०.४ प्रतिशतमा सुंगुर/बुंगुर दूघ भएको तथा ०.४ प्रतिशतमा अन्य घरपालुवा पशुपंक्षी भएको परिवार रहेको छ । ४०.९ प्रतिशत घरधुरीमा कुनै घरपालुवा पशुपंक्षी रहेको छैन ।

**टेबल नं. १७ : गाँउपालिकामा घरपालुवा पशुपंक्षी भएका घरपरिवार तथा तिनका प्रकार**

| घरपालुवा पशुपंक्षी | प्रतिशत |
|---|---|
| घरपालुवा पशुपंक्षी भएको परिवार | ५९.१ |
| घरपालुवा पशुपंक्षी नभएको परिवार | ४०.९ |
| **जम्मा** | १०० |
| *पालिएका पशुपंक्षीका प्रकार* | |
| गाई/गोरु भएको घर | १९.४ |
| भैसी/रांगा भएको घर | ०.९ |
| खसी/बाखा/भेडा भएको घर | ४३.० |
| सुंगरु /बुंगरु भएको घर | ०.४ |
| कुखुरा/हाँस भएको घर | २५.९ |
| अन्य पशुपंक्षी भएको घर | ०.४ |

***खण्ड ग : वातावरण तथा स्वास्थ्य***

### १. वातावरण सम्बन्धी विवरण

स्वच्छ, सफा एवं स्वस्थ वातावरण मार्फत दिगो विकार गरी वातावरण मैत्री वडा तथा नगरपालिका बनाउन वातावरण संरक्षण गर्नु अपरिहार्य छ । साथै जलवायु परिवर्तन अनुकूलित विकास प्रकृया अगाडी बढाउनु पर्ने अवधारण अनुरुप मानवीय क्रियाकलाप वातावरणीय पक्षमा सकरात्मक असर पार्ने प्रकारको भईरहेको छ । हानिकारक फोहरमैला व्यवस्थापन, विषादीको कम प्रयोग, वातावरण मैत्री उद्योग तथा प्रविधिको प्रयोग,

वातावरण शिक्षा तथा सन्देशमूलक समाग्री उत्पादन र प्रचार प्रसार, वातावरणीय सरसफाई र संरक्षण तथा जनवायु परिवर्तन क्षेत्रमा संस्थागत क्षमता सुदृढिकरण जस्ता विविध कार्यहरुको थालनी राम्रो सुचकको रुपमा लिन सकिन्छ ।

### १.१ घर परिसरमा रुख-बिरुवा

ववई गाँउपालिकाले आफ्नो क्षेत्रको वातावरणलाई स्वच्छ, सफा र हराभरा बनाउने नीति लिएर अगाडी बढेको छ । गाँउपालिकाले स्थानीय बासिन्दाहरुलाई आफ्नो घर परिसरमा रुख विरुवा लगाउन प्रोत्साहन गरिरहेको छ र विभिन्न किसिमका बिरुवाहरु पनि वितरण गरिएको परिप्रेक्ष्यमा यस गाँउपालिकालमा गरिएको घरधुरी सर्वेक्षणमा केहि वातावरणसंग सम्बन्धित विवरणहरु पनि सङ्कलन गरेको थियो । जसअनुसार सर्वेक्षणबाट जम्मा घरधुरी मध्ये जम्मा ७४.५% को घर परिसरमा विभिन्न किसिमका रुख-बिरुवाहरु लगाईएको पाईयो ।


**टेबल नं. १८ : गाँउपालिकामा रहेका घरका परिसरमा रुख विरुवा भए-नभएको अवस्था**

| घर परिसरमा रुख विरुवा | प्रतिशत |
|---|---|
| घर परिसरमा रुख विरुवा भएको | ७४.५ |
| घर परिसरमा रुख विरुवा नभएको | २५.५ |
| **जम्मा** | १०० |

### १.२ वर्षातको पानी संकलन तथा भण्डारण

परम्परागत रुपमै हाम्रो खेतीपाती आकाशे पानीमा निर्भर हुदै आईरहेको छ । अर्को तिर पानीको स्रोतको सिमितताले दैनिक घरायसी प्रयोजन तथा करेशाबारी आदिमा खेती गर्नको लागि कठिनाई हुदै गईरहेको छ । यसको समाधानको रुपमा वैकल्पिक उपायहरु जस्तै थोपा सिचाई, हाते पम्प तथा आकाशे पानी सङ्कलन गरी प्रयोगमा ल्याउन सकिन्छ । आकाशे पानी सङ्कलन स्थिति हेर्दा वडाका अधिकांश घरहरुमा वर्षातको समयमा आकाशको पानी संकलन गर्ने व्यवस्था नभएको पाईयो । सर्वेक्षणमा जम्मा ५% मा मात्र आकाशको पानी संकलन गर्न व्यवस्था मिलाईएको पाईयो भने बांकी ९५% घरधुरीमा यो व्यवस्था नभएको पाईयो ।


चित्र नं. १० : गाँउपालिकाका घरहरुमा वर्षातको पानी संकलन तथा भण्डारण व्यवस्था




### १.३ फोहर मैला व्यवस्थापन

प्रकृति, वातावरण र मानव स्वास्थ्य विचको अन्तर सम्वन्धमा अहम भूमिका खेल्ने फोहर मैलाको व्यवस्थापनले मानव जीवन दीर्घायु बनाउन सहयोग पुग्छ । बढ्दो जनसंख्या सगैं बढिरहेको फोहरमैलाको कारणले वातावरण प्रदुषण, विभिन्न प्रकारको रोगको कारण अस्वस्थ, खेती योग्य भूमीको क्षयीकरण आदि हुने सन्दर्भमा यस वडामा फोहरमैला व्यवस्थापन सम्बन्धी जानकारी पनि लिईएको थियो । सर्वेक्षणबाट ५६.८% घरधुरीले सड्ने र नसड्ने फोहरलाई छुट्याएर राख्ने गरेको पाईयो भने ४३.२% घरधुरीले नछुट्याउने बताए ।

चित्र नं. ११ : गाँउपालिकाको फोहर व्यवस्थापनको अवस्था




## १.४ फोहर मैला व्यवस्थापन विधि

घरायसी फोहर मैला व्यवस्थापन कसरी गर्नहुन्छ भन्ने प्रश्नमा ३५ प्रतिशत घरधुरीमा कम्पोष्ट गर्ने, ५२ प्रतिशत घरधुरीमा फोहर जलाएर व्यवस्थापन गर्ने बताए । साथै, २ प्रतिशत घरधुरीमा भने नजिकको खोलामा लगि फाल्ने र ३ प्रतिशत घरधुरीले सार्वजानिक ठाँउमा फाल्ने बताए ।

टेबल नं. १९ : गाँउपालिकामा फोहर मैला व्यवस्थापनको अवस्था


| फोहर मैला व्यवस्थापन विधि | प्रतिशत |
|---|---|
| कम्पोष्ट | ३५ |
| फोहर जलाउने | ५२ |
| नगरपालिकाको गाडीमा पठाउने | ८ |
| नजिकको खोला-ढलमा फाल्ने | २ |
| सार्वजनिक ठाँउमा फाल्ने | ३ |
| **जम्मा** | १०० |

## २. स्वास्थ्य सम्बन्धी विवरण

गुणस्तरीय स्वास्थ्य सेवामा सबै जनताको पहुँच मार्फत स्वस्थ र सबल नागरिक विकास गर्दै सबै वर्ग, क्षेत्र र समुदायका नागरिकहरुको आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउने, शिशु तथा बाल मृत्यु दर घटाउने, औषत आयु बढाउने र पोषणयुक्त खाना उपलब्धता स्वास्थ्य क्षेत्रका प्रमुख कार्यहरु हुन् । राज्यको स्वास्थ्य सम्बन्धी नीति तथा रणनीति एवम् दिगो विकासको अवधारणा अन्तर्गत पनि स्वास्थ्य सेवाहरु विश्वव्यापी पहुँच सुनिश्चित गर्ने लक्ष्य राखेको परिप्रक्ष्यमा समुदायमा व्याप्त विभिन्न रोगहरुको समयमै निदानको लागि समुदाय स्तरमै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने नेपाल सरकारले पहिलो प्राथमिकतामा राखेको छ । यसका लागि पनि स्थानिय स्तरमा स्वास्थ्यलाई असर गर्ने विविध कुराको तथ्याङ्क अद्यावधिक गर्नु आवश्यक हुन्छ ।

### २.१ सुर्तीजन्य पदार्थ सेवन

नागरिकको स्वास्थ्यमा प्रतिकुल असर पार्ने सूर्तीजन्य पदार्थ तथा मदिरा जन्य पदार्थको विज्ञापन तथा प्रवर्द्धनमा बन्देज लगाउने सरकारी कानुन तथा रणनीति भए पनि नेपालमा सूर्तीजन्य पदार्थको प्रयोगमा कमि आएको छैन । सूर्तीजन्य पदार्थ उत्पादन तथा बिक्री वितरणमा उच्च करद्वारा निरुत्साहित गर्ने सरकारी नीति भए पनि यसको प्रयोग व्यापक रुपमा भएको पाईन्छ । गाँउपालिकामा धुम्रपान/सुर्तीजन्य पदार्थ सेवनको अवस्था बारेको विवरण संकलन घरधुरी मध्ये (५६% घरधुरीमा धुम्रपान/सुर्तीजन्य पदार्थ सेवन गर्ने मानिस भएको पाईयो ।




**सुर्तीजन्य पदार्थ सेवन गर्ने जम्मा जनसंख्या**

